# लेकवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याण, सुर्खेत

☎

कर्णाली प्रदेश नेपाल

पत्र संख्या : ०७४/०७५

चलानीनम्बर १९०२

मितिः-२०७५/०३/१५

### विषयः- सुचना सम्बन्धमा ।

**श्री लेकवेशी नगरपालिका**

**सबै वडा कार्यालयहरु ।**

उपरोक्त सम्बन्धमा श्री जिल्ला प्रशासन कार्यालय सुर्खेतको प.सं. २०७४।०७५ च.नं. ८५६४ मिति २०७५।०३।१४ को पत्रानुसार तहाँ वडा स्थिति सशस्त्र द्वन्द्वको कारण आन्तरिक रुपमा विस्थापित भएका व्यक्ति तथा परिवार, मृतकका हकदार, बेपत्ता पारिएका व्यक्तिहरुको हकदारहरुलाई राहत उपलब्ध गराउने सन्दर्भमा तपसिल बमोजिमको प्रक्रिया पुर्‍याई सम्पूर्ण कागजाहरु सहित मिति २०७५/०३/१४ देखि २०७५/०३/२५ गते भित्र जिल्ला प्रशासन कार्यालय सुर्खतमा सम्पर्क राख्न पठाईदिनुहुन अनुरेध छ ।

क. **विस्थापित व्यक्ति तथा परिवारको हकमा**

१. हाल स्थायी बसोवास गरि आएको वडा कार्यालयको सिफारिस पत्र
२. विस्थापित भएका प्रत्येक व्यक्तिहरुको नेपाली नागरिकताको प्रतिलिपि (नाबालक
३. को हकमा जन्मदर्ता)
४. विस्थावित परिवारमा विवाहित भई आएका महिलाहरुको विवाहदर्ता अनिवार्य पेश गर्नुपर्ने ।
५. कार्यदलको संकेत नः-
६. लगतमा समावेश भएका पारिवार संख्याः-
७. विस्थापित भएका प्रत्येक व्यक्तिहरुको पासपोर्ट साइजको फोटो २ प्रति
८. लगत भएका प्रत्येक व्यक्तिहरुको बैंकको नाम र खाता नम्बरः-

ख. **मृतक तथा वेपत्ताको हकमा**

१. हाल स्थायी बसोबास गरि आएको वडा कार्यालको सिफारिस पत्र
२. मृतकको मृत्यूदर्ताको प्रमाणपत्रको प्रतिलिपि र सम्भव भए सम्म नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. वेपत्ता भएका व्यक्तिहरुको सम्भव भए सम्म नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
४. हकदारको नेपाली नागरिकताको प्रतिलिपि (नाबलकको हकमा जन्मदर्ता र संरक्षकको नेपाली ना.प्र.नं. को प्रतिलिपि)
५. मृतक तथा वेपत्ता व्यक्ति र हकदार बिचको नाता प्रामाणित (नाबलकको हकमा जन्मदर्ता र संरक्षकको नाता प्रमाणित)
६. हकदार बालिग भईसकेको अवस्थामा नागरिकताको प्रमाण नै पेश गर्नु पर्ने ।
७. हकदारको पासपोर्ट साइजको फोटो २ प्रति (नाबलकको हकमा संरक्षकको पनि २ प्रति फोटो)

पुनश्यः-

*१. वडा कार्यालयले सिफारिस गर्दा उल्लेख गर्नुपर्ने कुराहरु यसै पत्र साथ संलग्न छ ।*

*२. विस्थापित व्यक्ति तथा पारिवारिको विवरण हेर्नको शान्ति तथा पुर्ननिर्माण । मन्त्रालयको*

**वडा कार्यालयहरूले सिफारिस गर्दा उल्लेख गर्नुपर्ने कुराहरू :**

१) मृतक वा वेपत्ताको हकमा सिफारिस गर्दा उक्त व्यक्ति विवाहित वा अविवाहित खुलाई पठाउने । यदि विवाहित भएमा निजको एक भन्दा बढी पत्नीहरू भएमा सबैलाई हकदार कायम गर्ने ।

२) मृतक वा वेपत्ताको हकदार पति वा पत्नीको मृत्यु वा अन्यन्त्र दोश्रो विवाह गरी गएको खण्डमा निजहरूबाट जायजन्म भएका छोरा र अविवाहित छोरीहरूको विवरण खुलाई पठाउने ।

३) मृतक वा वेपत्ता व्यक्ति अविवाहित निजको नजिकको हकदार आमाबुबा कायम गर्ने वा आमाबुबाको पनि मृत्यु भईसकेको अवस्थामा निजको दाजुभाई वा अविवाहित दिदीबहिनीलाई हकदार कायम गर्ने ।

४) एक मात्र हकदार भनी सिफारिस गर्ने, एक भन्दा बढी समान हकदार भएमा सबैको नाम तथा नाता उल्लेख गरी सबैलाई हकदार कायम गरी पठाउने ।

५) विस्थापितको हकमा सिफारिस गर्दा लगतमा घरमुलीको समेत नाम समावेश भई अन्य परिवारको संख्यामात्र उल्लेख भएको अवस्थामा लगतमा भएका परिवारका सम्पूर्ण सदस्यहरूको नाम र नाता खुलाई पठाउने ।

२०७५।०३।१४

उत्तम शर्मा
प्रशासकीय अधिकृत